### इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इस्मा रजस्थल गुल्मी
### ५ नं प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५।०५।०६)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ५ नं प्रदेश सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाइ व्यवस्थापन गर्ने कार्यविधि २०७५ मा भएको व्यवस्था तथा इस्मा गाउँपालिका, गाउँकार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असूली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व. २०७५/०७६ का लागि कायम न्यूनतम अङ्क ( कर र मू.अ.कर बाहेक) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | संकलन/उत्खनन दर (वातावरण शुल्क सहित) प्रति क्यू. फिट | वोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| IRMIR /075-76/01 | इस्मा गाउँपालिकाको वडा नं १(ढाँडफाँट देखि खहरे सम्म ) र ४(कालमुढा देखि कुनौटा सम्म) भित्र पर्ने निस्ती खोलाको नदी किनार अन्तर्गतका क्षेत्र।<br>(IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क) | रु. २३,८९,०६८/- | ७,९६,३५६ क्यू.फुट | रु. ३ + रु. २ | रु. ३,०००/- | रु. १,२०,०००/- |
| IRMIR /075-76/02 | इस्मा गाउँपालिकाको वडा नं १,२,३ र५ भित्र पर्ने छल्दिखोला नदी किनार अन्तर्गत छल्दीपानाह घांट देखि रोदिखोला सम्मका विभिन्न क्षेत्र।<br>(IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क) | रु. ३३,०१,००२/- | ११,००,३३४ क्यू.फुट | रु. ३ + रु. २ | रु. ३,०००/- | रु १,६५,०००/- |
| IRMIR /075-76/03 | इस्म गाउँपालिका भित्रका खालीवोरा, टिना, शिशा, कागज, प्लाष्टिक लगायतका कवडी समानको संकलन/विक्री | रु ३,००,०००।- | - | - | १,०००।- | कबोल अंकको ५ प्रतिशत धरौटी |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. उल्लेखित ठेक्काहरुको लागि बोलपत्र फाराम छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।
२. बोलपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु. अ. कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।
३. ठेक्का अवधी ठेक्का नं. IRMIR /075-76/01 र IRMIR/075-76/02 को आ.व. २०७५/०७६ जेष्ठ मसान्त सम्म रहनेछ। बन्द हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ।
४. कबोल अंङ्को थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा र १.५ प्रतिशत अग्रिम आयकर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व खातामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।
५. धरौटी बापतको रकम यस कार्यालयको **बाणिज्य बैक लि.,तम्घास रहेको धरौटी खाता नं.३०१०३०३००७११०** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
६. रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे अर्थात मिति २०७५/०५/२६ गतेको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।
८. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।
११. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।
१२. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी इस्मा गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थलबाट खरिद गरी पेश गर्न सकिनेछ।
१३. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, इस्मा गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।
१४. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने। उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ। ठेक्कामा कुनै विवाद भएमा इस्मा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं (९८५७०६७९१४) र (९८४७१८३८१५), वेवसाइट: www.ishmamun.gov.np मा सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत